# नेपाल टेलिभिजन

एन.टि.भि कोहलपूर, वाके

फोन नं.–: ०८१५४०१२५ / ०८१५४०९४३

**www.ntv.org.np**

## सिलवन्दी पुन: बोलपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७७०६।१५गते )

**एन.टि.भि कोहलपुर HD मा आर्थिक बर्ष २०७७।७८ को लागि विज्ञापन समय विकी, कार्यक्रम समय बिकी र प्रायोजनको लागि मिति २०७७०५।२८ गते प्रथम पटक वोलपत्रको सूचना प्रकाशन भएकोमा पर्याप्त वोलपत्र प्राप्त हुन नआएकोले पुन: ७ दिनको म्याद दिई बोलपत्र आह्वान गरिएकोछ ।**

१. वोलपत्र फाराम एन.टि.भि कोहलपूर, वाँकेवाट निम्नानुसार शुल्क बुझाई वोलपत्र आव्हानको लागि सूचना प्रकाशित भएको मिति देखि ७ दिन भित्र कार्यालय समय सम्म खरिद गर्न सकिनेछ । वोलपत्र फारम खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयसम्म खरिद गर्न सकिनेछ ।

- बार्षिक रु. २० लाखसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु १०००।-(अक्षरेपी एक हजार मात्र )
- बार्षिक रु. २० लाख भन्दा माथि रु २ करोडसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु ३,०००।- (अक्षरेपी तीन हजार मात्र )
- बार्षिक रु. २ करोड देखि १० करोडसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु ५,०००।- (अक्षरेपी पांच हजार मात्र)
- बार्षिक रु. १० करोड देखि माथि न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु १०,०००।- (अक्षरेपी दश हजार मात्र)

२. बोलपत्रदाताले प्रस्ताव पेश गर्दा कार्यक्रम प्रायोजन र समय बिक्रीको लागि प्रत्येक स्लटको लागि छुट्‌टा छुट्‌टै शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नु पर्नेछ । प्रत्येक बोलपत्र प्रस्तावको खाम बाहिर कुन स्लटको लागि खरिद गर्ने हो ? स्लटको नाम र वोलपत्र नं स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

३. रितपूर्बकको सिलवन्दी गोप्य प्रस्ताव प्रथम पटक सूचना प्रकाशित मितिले ७ औ दिनको भोलिपल्ट दिनको १२.०० बजे सम्ममा एन.टि.भि कोहलपूर, वाँकेमा दर्ता गराईसक्नु पर्नेछ । पेश भएका वोलपत्रहरु सोहि दिनको २:०० वजे संस्थान तथा बोलपत्रदाताको प्रतिनिधिको उपस्थितिमा वोलपत्र खोलिनेछ । वोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा परेको मानिने छैन । सिलवन्दी गोप्य प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन तोकिएको समयसम्ममा प्रस्ताव दर्ता तथा वोलपत्र खोल्ने काम गरिनेछ ।

४. वोलपत्रदाताले प्रस्ताव साथ वोलकवोल गरेको कुल वार्षिक रकमको २.५% ( दुई दशमलव पाँच प्रतिशत ) धरौटि वोलपत्र साथ पेश गर्नु पर्ने छ । सो धरौटी वापतको रकम सिलवन्दी वोलपत्र साथ संस्थानको नेविल बैंक लि.कोहलपुरमा रहेको बचत खाता नं १४०६०११०१६३०१ मा जम्मा गरको सक्कल प्रति भौचर वा वोलपत्र खोल्ने मितिले कम्तीमा १२० दिन म्याद भएको स्वीकृत प्राप्त वाणिज्य बैंकबाट जारि हुने दष्म कभअगrity पेश गर्नुपर्नेछ । वोलपत्रदाताले छुट्टा छुट्टै वोलपत्रको लागि छुट्टा छुट्टै धरौटी पेश गर्नुपर्नेछ ।

५. TSउल्लेख गरिएको स्लट प्रसारण समय विकीको लागि र SP उल्लेख गरिएको स्लट कार्यक्रम प्रायोजनको लागि हुनेछ ।

६. प्रसारण समय विकीको लागि प्रसारण गरिने कार्यक्रमको एक भाग डमी एउटै खामभित्र सिलवन्दी गरी पेश गर्नुपर्नेछ ।

७. वोलपत्र सम्बन्धी बिस्तृत जानकारी (समय स्लट एवं दररेट) का लागि एन.टि.भि.कोहलपुर, बाँकेमा सम्पर्क राख्नुहुन, वा स्थानीय पत्रिका दैनिक नेपालगञ्ज, वा नेपाल टेलिभिजनको वेभसाईट www.ntv.org.np को corporate site मा हेर्नको लागि जानकारी गराईन्छ ।